# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, साउन २४ गते २०४२ साल (अतिरिक्ताङ्क २२

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252

## नेपाल निजामती सेवा ऐन, २०१३ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** नेपाल निजामती सेवा ऐन, २०१३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल निजामती सेवा (तेस्रो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ८ मा संशोधनः नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ८ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश,–

(१) खण्ड (ख) मा रहेको "विशिष्ट श्रेणीको" भन्ने शब्दहरुपछि "सचिव वा सो सरह र प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको" भन्ने वाक्यांश थपिएको छ ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः–

"(ग) राजपत्रांकित विशिष्ट श्रेणीको मुख्य सचिव पदमा बढुवा गर्दा श्री ५ को सरकारले उपयुक्त ठहराएको आधारमा छनौट गर्नेछ ।"

३. नेपाल निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०४२ निष्क्रिय भएपछि त्यसको परिणामः नेपाल निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०४२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सोबमोजिम रित पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०४२।४।२४।५

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

## प्रहरी ऐन, २०१२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः प्रहरी ऐन, २०१२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रहरी (चौथो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रहरी ऐन, २०१२ को दफा २ मा संशोधनः प्रहरी ऐन, २०१२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (क)मा रहेको "माथिको" भन्ने शब्दको सट्टा "माथिका" भन्ने शब्द राखिएको छ ।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) "अञ्चल उपरीक्षक" भन्नाले प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षक सम्झनुपर्छ र सो शब्दले श्री ५ को सरकारले सामान्य वा विशेष आदेशद्वारा अञ्चल उपरीक्षकको सबै वा केही काम गर्न तोकेको निरीक्षक समेतलाई जनाउँछ ।"

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को पार्श्ववर्ती शीर्षकपछि रहेको "(१)" भन्ने अङ्क झिकिएको छ र सोही दफामा रहेका "प्रहरी प्रशासनको जिम्मेवारी प्रहरी महानिरीक्षक" भन्ने शब्दहरूको पछाडि "प्रहरी अतिरिक्त महानिरीक्षक" भन्ने शब्दहरू थपिएका छन् र सोही दफामा रहेका "र सहायक महानिरीक्षकहरू" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अञ्चल प्रहरी कार्यालयमा प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक र जिल्ला प्रहरी कार्यालयमा प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक नियुक्त गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,–

(१) उपदफा (१) मा रहेका "महानिरीक्षक, नायव महानिरीक्षक, वा सहायक महानिरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "महानिरीक्षक, नायव महानिरीक्षक वा सहायक महानिरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को उपदफा (३) मा रहेका "महानिरीक्षक, नायव महानिरीक्षक वा सहायक महानिरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक" भन्ने शब्दहरू राखिएका छन् ।

७. प्रहरी (चौथो संशोधन) अध्यादेश, २०४२ निष्क्रिय भएपछि त्यसको परिणामः प्रहरी (चौथो संशोधन) अध्यादेश २०४२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चलती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रित पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य र दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तब्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०४२।४।२४।५

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।